# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

केन्द्रीय कार्यालय, श्रीनगरटोल - ०२, बागलुङ

फोन नं. ०६८ - ५२०१०५/५२४३५१

## दोस्रो वार्षिक साधारण सभाको सूचना !

**श्री शेयरधनी महानुभावहरु,**

यस धौलागिरी लघुवित्त बित्तीय संस्था लिमिटेडको मिती २०७७।१०।२५ मा बसेको संचालक समितीको ४६ बैठकको निर्णय अनुसार दोस्रो वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ अनुसार सम्पुर्ण शेयरधनि महानुभावहरुको उपस्थितिको लागी अनुरोध छ ।

**<u>सभा हुने मिति, समय र स्थान</u>**

मितिः २०७७।११।२२ गते शनिबार, तदनुसार ०६ मार्च, २०२१

समय बिहान १०:०० बजे

स्थानः धौलागिरी सामुदायिक स्रोत बिकास केन्द्रको सभाहल, उपल्लाचौर, बागलुङ

**छलफलको बिषयहरु :**

**<u>दोस्रो बार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरुः</u>**

**क. सामान्य प्रस्तावहरु**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७६/०७७ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहितको वित्तीय बिबरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने ।

(३) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वैठक भत्ता, अन्य समितिको वैठक भत्ता र समिति सम्बन्धी अन्य खर्च अनुमोदन गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७७/०७८ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने । (बहालवाला लेखापरिक्षक एस देवकोटा एण्ड कम्पनीका चार्टड एकाउन्टटेन्स्, सुनिल देवकोटा पुन नियुक्तिको लागी ग्राह्य हुनुहुन्छ ।

(५) आर्थिक बर्ष २०७६/०७७ का लागी कम्पनी ऐन २०६३ को दफा १०५(ग) को अख्तियारी सिमा भन्दा अधिक खर्च (चन्दा तथा सहयोग) अनुमोदन गर्ने ।

(६) सर्वसाधारण शेयरको सार्वजनिक निश्कासन (IPO) गर्ने ।

**ख.बिशेष प्रस्तावहरु**

१. बिशेष प्रस्ताव पारित भएपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन स्वीकृत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रको कार्यालय, नेपाल राष्ट्र बैंक, कर कार्यालय लगायत) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक संशोधन, थपघट तथा समायोजन गर्ने सम्पूर्ण अख्तियारी सञ्चालक समितीलाई प्रदान गर्ने ।

ग. **विविध :**

**<u>साधारण सभा सम्बन्धी थप जानकारी</u>**

१. साधारणसभामा भाग लिन आउदाँ शेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाले जारी गरेको प्रवेश पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

२. शेयरधनीहरुको हाजिरीको लागि सभा स्थलमा बिहान ९:०० बजे वाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि(प्रोक्सी)नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै प्रोक्सी फारम संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ । शेयरधनी बाहेक अरुलाइ प्रोक्सी दिन वा शेयर बिभाजन गरि दिन पाइने छैन । एक जना शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी नियुक्ति गर्ने आफैं उपस्थित हुन चाहेमा २४ घण्टा अगावै आफैं उपस्थित भई लिखित सुचना दिनु पर्नेछ ।

४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउनेछ ।

५. छलफलको बिषय अन्तरगत बिबिध शिर्षकको सम्बन्धमा शेयरधनि महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहेमा सो बिषय वारे सभा हुनु भन्दा ७ दिन अगावै संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । सो जानकारी नदिएको बिषय उपर प्रश्न गर्न पाइने छैन ।

६. साधारण सभा सम्बन्धमा केहि थप जानकारी आबश्यक परेमा वा बार्षिक प्रतिबेदन प्राप्त नभएमा कार्यालय समय भित्र कार्यालयको फोन नं.०६८-५२०९०५ मा सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन सकिने छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनि सचिव